# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
# RASTRIYA BEEMA COMPANY LIMITED

(नेपाल सरकारको स्वामित्व प्राप्त)

प्रधान कार्यालय रामशाहपथ, काठमाडौं

E-mail: info@rbcl.com.np, Website: www.rbcl.com.np

फोन नं. : ०१-४२५८८६६

फ्याक्स : ०१-४२५८७२१

पोष्ट बक्स नं. : २३८३७


च.नं./Ref.

**राष्ट्रिय बीमा कम्पनी लिमिटेडद्वारा डोटीमा बीमा अभिकर्ता तालिम सम्पन्न ।**

नेपाल सरकारको स्वामित्व प्राप्त नेपाली बीमा क्षेत्रमा स्थापित राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आयोजनामा बीमा अभिकर्ता तालिम सम्पन्न भएको छ । उक्त तालिममा सुदुर पश्चिम प्रदेश अर्न्तगतका बाजुरा बझाङ्ग, दार्चुला, डडेल्धुरा, डोटी लगायत अन्य जिल्लाबाट समेत सहभागिता रहेको थियो । तालिम समापनमा बोल्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा.डिल्ली राज अर्यालले सुदुर पश्चिम प्रदेशको दूर्गम जिल्लाहरु एवं स्थानिय तह सम्म कृषि, बालि तथा पशुपंक्षि बीमा लगायत निर्जीवन व्यवसाय विस्तारमा अभिकर्ताहरुको भूमिका महत्व पूर्ण हुने बिचार व्यक्त गर्नुभयो । यसबाट संघीय सरकारको नीतिअनुसार दुर्गम स्थानमा बीमाको पहुँच विस्तारको लागि कम्पनीका यस्ता कार्यक्रम सहयोगी बन्न जानेछन् । साथै, कम्पनीले आफ्नै कार्यालय विस्तार गर्दै जाने भएकोले हाललाई तालिम प्राप्त अभिकर्ताहरुले कम्पनीको प्रतिनिधि रुपमा व्यवसाय विस्तारमा आफ्नो भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो । सो अवसरमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री उमेश चन्द्र उपाध्यायले सुदुर पश्चिम प्रदेशमा कम्पनीको उपस्थिति पुऱ्याउन अभिकर्ताहरु संवाहक बन्ने यसबाट दुर्गम क्षेत्रमा बीमा बारे सचेतना बृद्धि हुने र बीमाको पहुँच प्रति विस्तार हुने बताउनु भयो । साथै, कृषि बाली तथा पशुपंक्षि बीमा लगायत अन्य नीर्जिवन बीमा व्यवसायमा सर्वसाधरणहरुको सहभागिता गराई जोखिम कम गर्न राजनैतिक नेतृत्व, प्रादेशिक सरकार एवं स्थानिय सरकार र जनप्रतिनिधिहरुलाई अनुरोध गर्नुभयो । तालिममा कम्पनीका सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतज्युबाट सहभागिहरुलाई प्रमाणपत्र वितरण गरियो । तालिम समापनको क्रममा सुदूर पश्चिम प्रदेश कमिटि सदस्य (नेकपा) नारद मलासी र दिपायल सिलगढी नगरपालिका नगर प्रमुख मन्जु मलासीज्यूबाट राष्ट्रिय बीमा कम्पनीले त्यस क्षेत्रमा प्रदान गर्दै आई रहेको बीमा सेवाको प्रशंसा गर्नु भएको थियो । सरकारी बीमा कम्पनीले यस्ता दुर्गम क्षेत्रमा रहेर गुणस्तरीय सेवा, शिघ्र दावीभुक्तानी तथा घरघरमा गएर सेवाप्रबाह गरेकोले बीमा प्रति जनमानसको धारणामा समेत सकारात्मक परिवर्तन आएको विषय जनप्रतिनिधि तथा सरोकारवालाहरुले व्यक्तगर्नु भएको थियो ।

कम्पनी आफै तल्लो तहसम्म पुग्न नसक्ने भएकोले तालिम प्राप्त अभिकर्ताको माध्यमबाट दुर्गम स्थानहरु समेत समेट्ने गरी सुदुर पश्चिम प्रदेशमा ठूलो संजाल निर्माण भएको छ । जसबाट उक्त संगठन मार्फत विशेष गरी कृषि, बालि, पशुपंक्षि बीमा सेवाको बिस्तार भई दुर्गम क्षेत्रको बीमामा पहुँच अभिवृद्धि हुनेछ । भने उक्त क्षेत्रका कृषकहरु कृषिबीमाको माध्यमबाट जोखिमको भार हस्तान्तरण गरी आर्थिक रुपमा लाभान्वित हुनेछन् । साथै, नीर्जिवन बीमाका अन्य सेवाहर लघु बीमा, सम्पत्ति बीमा, इन्जिनियरिङ्ग बीमा, दुर्घटना बीमा, औषधोपचार बीमा आदि समेत घर तथा स्थानिय स्तरमा पुऱ्याउन पनि सहज हुने छ ।

प्रधान कार्यालय रामशाहपथ, काठमाडौं
E-mail: info@rbcl.com.np, Website: www.rbcl.com.np

फोन नं. : ०१-४२५८८६६
फ्याक्स : ०१-४२५८७२१
पोष्ट बक्स नं. : २३८३७


च.नं./Ref.

यसै क्रममा कम्पनीले उक्तप्रदेश अर्न्तगत कार्यक्षेत्र बनाएर उद्योग, ब्यावसाय, ब्यापार आदि गरिरहेका उद्योगी ब्यवसायी एवं ब्यक्तिहरुसँग धनगढीमा भेटघाट तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त अवसरमा नीर्जिवन बीमाको महत्व तथा आवश्यकताको विषयमा अभिमुखिकरण गर्नुको साथै राष्ट्रिय बीमा कम्पनी लिमिटेडले विगत लामो समय देखि नीर्जिवन बीमाको क्षेत्रमा विश्वसनीय रुपमा खेल्दै आएको भुमिकाको बारेमा चर्चा गरिएको थियो । कार्यक्रममा सहभागिहरुबाट कम्पनीको थपशाखा संजाल विस्तार गर्न, प्रभावकारी सेवाप्रदान गर्न सहभागीहरुको अपेक्षा ब्यक्तभएको थियो ।




